# चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

बलम्बु, काठमाडौं, बागमती, प्रदेश

संयोजक : श्री लिशा नकर्मी

सदस्य : श्री माधवकुमार के.सी.

सदस्य : श्री सुरेन्द्र के.सी.

**बाट भएको निर्णय**

निर्णय नं. : ०६

**निवेदक/वादीको नाम, थर, ठेगाना**

भक्तलाल श्रेष्ठकी बुहारी, महेश्वरलाल श्रेष्ठकी श्रीमती काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४ कलंकी, लाम्पाटी बस्ने वर्ष ८८ कि श्रीमती शारदा देवी श्रेष्ठ..................................................१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

भक्तपुर जिल्ला सूर्य विनायक नगरपालिका वडा नं. ५ बस्ने वर्ष ५७ को लक्षण बहादुर श्रेष्ठ .............१

**वादीको साक्षी**

क) का.जि. च.न.पा. वडा नं. ४ बस्ने वर्ष ४० को रामकुमार श्रेष्ठ......................................१

ख) ऐ.ऐ बस्ने वर्ष ४४ को चेवन ठकुरी ..........१

**कागज प्रमाण**

क) जग्गा धनी प्रामाण पूर्जाको फोटोकपी थान ..१

ख) नागरिकताको फोटोकपी थान ................ ५

ग) नक्साको फोटोकपी थान........................ १

घ) स्थलगत फोटोको कपी थान ...................६

ङ) नापी कार्यालय कलंकीको रेखाङ्कन प्रतिवेदनको फोटोकपी.............................................१

च) फिल्ड मुचुल्काको फोटोकपी थान .............१

छ) च.नं. १७६३ पत्रको फोटोकपी थान ...........२

ज) सुजल डेरी जाने बाटोको नक्सा थान .........१

झ) तिरो तिरेको रसिदको फोटोकपी थान .........१

**प्रतिवादीको साक्षी**

क) का.जि.का.म.न.पा. वडा नं. १४ बस्ने वर्ष ३१ को सुरेश मानन्धर .................................१

ख) ऐ.ऐ बस्ने वर्ष ५७ को भगवान श्रेष्ठ ...........१

**कागज प्रमाण**

क) नागरिकताको फोटोकपी थान .................. ३

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

न्यायिक समितिबाट बुझेको साक्षी : ................

प्रमाण: ..............

**मुद्दा : पिलर भत्काएको सम्बन्धमा ।**

**मु.नं. : ०४/२६**

दर्ता मिति : २०७७/०३/२६

**वादीको दावीको संक्षिप्त व्यहोरा** :

१. म वादीको नाममा मालपोल कार्यालय कलंकीमा एकलौटी दर्ता कायम गरेको साविक का.जि. थानकोट गा.वि.स. वडा नं. ३/क कि.नं. ४१० को क्षे.फ. ४-९-०-० जग्गाको उत्तर पूर्व तर्फको सिमानामा २०५५ सालमा ढुङ्गाको वाल लगाई भोगचलन गरी आएको जग्गा हो भने मिति २०७१/०९/२३ गतेका दिन नापी कार्यालय कलंकीमा मेरो नामको का.जि.थानकोट गा.वि.स. वडा नं. ३/क कि.नं. १७७, ४१० का जग्गा नक्सा अनुसार रेखाङ्कन गरी साँध सिमाना छुट्याई पाउन माग निवेदन गरेकोमा नापी कार्यालय कलंकीबाट मिति २०७१/१०/१९ मा साँध संधियार, भद्र भलादमी लगायत वडा प्रतिनिधिको रोहवरमा नापी नक्सामा अंकित भएको कित्ता अनुसार जमिनमा चिनौ किला समेत लगाईएको फिल्ड सर्जमिन मुचुल्का तयार गरी उक्त कि.नं. ४१० को साँध सिमाना कायम भै नियमानुसार भोगचलन गरी आएकोमा मेरो नामको एकलौटी दर्ता रहेको कि.नं. ४१० को क्षेत्रफल ४-९-०-० जग्गाको उत्तर पूर्व तर्फ रहेको सिमाना (कुना) मा बनाएको पिलरसँग सम्बन्ध नै नभएको कि.नं. ४१० को पूर्व दक्षिण तर्फको कि.नं. ५२१ को सँधियार जग्गाधनि सुजल डेरी प्रा.लि.का मेनेजर लक्षणबहादुर श्रेष्ठसमेत (मो.नं. ९८०१२४०१५९) ५/७ जना व्यक्तिहरूले वा. ६/क ३१०४ को डोजर लगाई मिति २०७७ साल आषाढ महिना २१ गतेका दिन निवेदनबाट जानकारी गराई सकेकोले निजहरूलाई झिकाई मेरो भएको क्षति भराई पाउन साथै गैरकानूनी रुपमा अर्काको जग्गामा भएको पिलर जबरजस्ती भत्काएको हुँदा कार्वाही समेत गरी पाउँ भन्ने माग दावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा** :

१. वादीले दायर गरेको मुद्दा यस न्यायिक समितिको क्षेत्राधिकार भित्र नपर्ने : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ मा न्यायिक समितिको अधिकार क्षेत्रको बारेमा उल्लेख गरिएको छ । स्थानीय तहबाट निरुपण हुने भनि तोकिएको विषयबस्तुसँग सम्बन्धित विवाद निरुपण गर्ने अधिकार प्रत्यायोजन गरेको छ । पिलर भत्काएको विवादको विषय बस्तु यस न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्दैन । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १६(२) मा अधिकार क्षेत्र नभएको अदालतले मुद्दाको सिलसिलामा गरेको कारबाही सुनुवाई आदेश वा निर्णय बदर हुनेछ भन्ने व्यवस्था उल्लेख छ । आफ्नो अधिकार भित्र नपर्ने मुद्दा समितिमा दर्ता भएकोमा खारेज गरी पाउँ ।

२. रीत नपुऱ्याई दर्ता भएको मुद्दा बदरभागी छ : विपक्षीले अधिकार क्षेत्र र माग दावीको लागि कुन दफा वमोजिम उपचार खोजेको हो कहि कतै उल्लेख गरिएको छैन । चन्द्रागिरि नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को परिच्छेद - ३ को दफा ८ (३) को (च) स्पष्ट कानुनी प्रावधान रहेकोमा प्रष्ट नभएको र ऐ. ऐनको दफा १० र ११ मा रहेको प्रवधानका साथै मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९६ मा फिराद दावी प्रष्ट हुनुपर्ने प्राबधान रहेको छ । सम्मानित सर्वोच्च अदालतले गणेश प्रसाद चापागाई विरुद्ध भद्रपुर नगरपालिकाको कार्यालय, भद्रपुर समेतको उत्प्रषण/प्रतिषेध (मुद्दा नं. ०७५-WO-०११९, नि.नं. १०३६३) मुद्दामा न्यायिक समितिलाई विवादको न्याय निरुपण गर्ने तथा मेलमिलाप गराउने अधिकार क्षेत्रमा समितिले गरेको देखिन्छ । यसको प्रयोग असिमित तरिकाले गर्न नमिल्ने भन्ने व्याख्या गरेको छ । मौजुदा कानुन र नजिर विपरित दर्ता हुन आएको उजुरी खारेज गरी पाउँ ।

३. गैह्रकानुनी तबरले दर्ता भएको उजुरी खारेज भागी छ : एउटै विषयबस्तु भएको मुद्दाको दुई भिन्न भिन्न मिति र चलानी नम्बरमा मेरो नाउँमा दुई चोटी म्याद जारी गर्नु गैरकानुनी कार्यको लागि मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८९ को व्यवस्थाले पनि प्रष्ट पारेको छ । चन्द्रागिरि नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को दफा १९ को (४) बमोजिमको आधार समेत विपक्षीसँग छैन ।

४. विपक्षीको पिलर भत्काउने काम मबाट भएको छैन : साविक देखि चलन चल्तीको सार्वजनिक बाटोको अबरोधलाई हटाउन वडा कार्यलयका प्रतिनिधि, प्रहरी प्रशासनका प्रतिनिधि र स्थानीय बासीको रोहवरमा सार्वजानिक बाटोको अबरोधसम्म हटाउने काम भएको हो । यदि मेरो संलग्नतामा जग्गाको पिलर भत्काउने कार्य भएको भए मेरो विरुद्धमा प्रहरी प्रशासन, प्रमुख जिल्ला अधिकारी सामु उजुरी परेको हुन्थ्यो । सम्बन्धीत निकायको उपस्थितिमा हटाएको अवरोधलाई विपक्षीले मेरो जग्गाको पिलर हटायो भनी आफैं नगरपालिकामा निवेदन दिनु भनेको आफैं धामी अनि आफैं झाक्री हुनु हो । विपक्षीले अतिरञ्जित गरी आफ्नो पिलर भत्काएको भनि दावी लिई दर्ता गरेको प्रस्तुत मुद्दा खारेज गरी पाउँ ।

५. मुलुकी देवानी संहिता, २०७४ को दफा ८, १० र १३ मा उल्लेख भएको सामान्य सिद्धान्तको व्यवस्था गरिएको छ । विपक्षीले सार्वजनिक बाटोमा खडा गरिएको अवरोधका कारणले सम्पूर्ण समाज र मैले समेत दुःख झेल्नु परेको छ । विपक्षीको यस कार्यलाई मौद्रिक मुल्यमा मापन गर्न सकिदैन । निजको यस कार्यले मेरो कार्यलयमा गर्नुपर्ने काममा नकारात्मक असर परेको र कानुनी प्रतिरक्षाको लागि कानुन व्यवसायी खर्च लगायतका विषयमा भएको सम्पूर्ण खर्चको मनासिब क्षतिपूर्ति भराई असल छिमेकीपना कायम गरी पाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

नागरिकता, नक्सा, जग्गाधनि पूर्जा, रेखाङ्कन प्रतिवेदन, फिल्ड मुचुल्का र स्थलगत फोटो रहेको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

सार्वजनिक बाटो कायम नजिर राख्नु भएको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीका कानुन व्यवसायी विद्वान अधिवक्ता प्रवीण प्रधान र मनोज कुमार भण्डारीले विपक्षीले पिलर भत्काई जग्गा घुसाई मिचि खानको लागि जर्बजस्ति जग्गा खिचोला गरेको हुँदा अधिकार क्षेत्र विहिन उजुर निमानुसार प्रक्रिया पुरा गरी सक्कल मिसिल माथिल्लो अदालतमा पठाउन माग गर्नु भयो ।

प्रतिवादीका कानुन व्यवसायी विद्वान अधिवक्ता अजय बुढाथोकीले साविक देखिको सार्वजनिक बाटोबाट स्थानीय बासी र डेरी उद्योगको नियमित रुपमा दुग्ध जन्य पदार्थ बोकेका सवारी साधन नियमित रुपमा आवत जावत गर्ने गरेको हुँदा त्यस कार्यमा अवरोध भई सम्बन्धीत निकायका प्रतिनिधि र स्थानियले अवरोध हटाएका हुन् भनि बहस राख्नु भयो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

पिलर भत्काएको सम्बन्धमा असर परेको हो, होइन ?

**निर्णय खण्ड**

प्रस्तुत विवादित विषयमा पिलर भत्काएको सम्बन्धमा मुख नमिलेको देखिंदा पिलर भत्काएको हो होइन भनि क्षतिपूर्ति सहितको निर्णय दिनुपर्ने देखिन आयो । प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा २ को देहाय (ट) बमोजिम बमोजिम यसै न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेकोमा उक्त कानुनी व्यवस्था अनुसार प्रस्तुत मुद्दामा मेलमिलापको प्रकृया समेत अबलम्बन गरी निरुपण गर्नुपर्ने हुन आएकोमा पक्षहरूलाई मेलमिलापको लागि प्रेरित गरी पटक पटक छलफल गर्दा समेत सहमति भई मेलमिलाप हुन नसकेको हुँदा पिलर भत्काएको सम्बन्धमा प्रमाण बुझी निर्णय गर्ने अधिकार न्यायिक समितिलाई भएको नहुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १६ बमोजिम खारेज गर्ने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

(क) उजुरीकर्तालाई निर्णयमा चित्त नबुझे ऐनको म्याद ३५ (पैतिस) दिन भित्र श्री काठमाडौँ जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनि पुनरावेदनको म्याद दिनु ।.................................१

(ख) सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दिनु । ..........................................२

(ग) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार गरी अभिलेख शाखामा बुझाईदिनु । .......... ३

**न्यायिक समितिका**

संयोजक श्री लिशा नकर्मी

**सदस्य**

श्री माधवकुमार के.सी.

**सदस्य**

श्री सुरेन्द्र के.सी.

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७८ साल चैत्र महिना २४ गते रोज ५ शुभम् ......................................